नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

## सिंहदरबार, काठमाडौं, नेपाल ।

# परराष्ट्र मन्त्रालयले

# आ.व. २०७३।७४ मा

# सम्पादन गरेका महत्वपूर्ण कार्यहरू

२०७४ आषाढ

# <u>परराष्ट्र मन्त्रालयले आ.व. २०७३।७४ मा सम्पादन गरेका महत्वपूर्ण कार्यहरू</u>

- **उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदल गठनः** नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१२/२९ को निर्णयानुसार परराष्ट्र मामिलामा मतैक्यता जुटाई राष्ट्रिय हित अनुरूप परराष्ट्र नीतिका प्राथमिकताहरू निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिन माननीय परराष्ट्र मन्त्रीज्यूको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञहरू रहेको उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदल गठन गरिएको र राजनीतिक, सुरक्षा, आर्थिक तथा संस्थागत विषयका विज्ञहरू सम्मिलित उक्त कार्यदलले द्रुत गतिमा कार्य गरिरहेको ।
- **परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको पुनर्संरचनाः** परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समितिको मिति २०७३/०९/१० मा बसेको बैठकले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई पुनर्संरचना गर्नका लागि तीन महिनाभित्र ठोस सुझाव दिन डा. दिनेश भट्टराईको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको र सो कार्यदलले २०७४ वैशाख ११ गते "परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको पुनर्संरचना सम्बन्धी प्रतिवेदन" परराष्ट्र मन्त्रालयमा बुझाएकोले उक्त कार्यदलको प्रतिवेदनमा गरिएको सिफारिस बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई पुनर्संरचना गर्ने कार्य थालिएको ।
- **MOFA Consultative Group of Exports को गठनः** उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलले तयार गर्ने दस्तावेज गतिशील र जीवन्त बनाउँन सम्वाद र छलफलको माध्यमबाट विशेषज्ञहरुका धारणा बुझ्नु अत्यावश्यक भएकोले आ-आफ्नो क्षेत्रमा विशेष अनुभव तथा विशेषज्ञता हासिल गरी अन्तर्राष्ट्रिय सम्बन्ध, परराष्ट्र नीति र कूटनीतिको अध्ययन, अनुसन्धान र विश्लेषणका आधारमा सुझावहरु दिनसक्ने कूटनीतिक विषय/क्षेत्रसँग सम्बन्धित ख्यातिप्राप्त विज्ञहरुको सूची (Roster of Experts) तयार गरी आवश्यकता अनुसार छलफल/परामर्शका लागि आमन्त्रण गर्ने तथा मन्त्रालयले आवश्यक ठानेका विषयमा विषय विज्ञबाट परामर्श लिने समेतको प्रयोजनका कूटनीतिका विभिन्न आयामसँग सम्बन्धित विशेषज्ञहरु रहेको MOFA Consultative Group of Exports गठन गरी परामर्श लिने प्रक्रिया शुरु गरिएको ।
- **परराष्ट्र मन्त्रालयको वार्षिक कार्यतालिका कार्यान्वयनः** माननीय परराष्ट्र मन्त्रीज्यूबाट मिति २०७३/१२/२२ मा स्वीकृत गरी परराष्ट्र मन्त्रालयका सबै महाशाखा र विभागहरुको आर्थिक बर्ष २०७३/७४ मा गरिने कार्यक्रम/ क्रियाकलापहरुको बार्षिक कार्ययोजना (Logframe of Annual Activities) तयार गरी कार्यान्वयन गरिएको ।

- **देशगत रणनीति निर्माण समितिः** माननीय परराष्ट्रमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७३।०९।१४ मा उच्चस्तरीय आर्थिक कूटनीति सञ्चालन तथा अनुगमन समितिको बैठक सम्पन्न भई बैठकले आर्थिक कूटनीतिका विभिन्न आयामहरु (रोजगार, लगानी, व्यापार, पर्यटन, प्रविधि हस्तान्तरण, नेपाली डायस्पोरा) का सम्बन्धमा देशगत रणनीति निर्माण गर्न सरकारी र निजी क्षेत्र सम्मिलित १० सदस्यीय समिति गठन गरेको र समितिले काम गरिरहेको ।
- **विभिन्न मुलुकका लागि नेपाली राजदूतः** नेपाली राजदूत खाली रहेका विभिन्न विदेशस्थित नेपाली राजदूतावासहरुमा राजदूत नियुक्त गरिएको ।
- **नेपाल लगानी सम्मेलन सफल बनाउन सहयोगः** नेपाल लगानी सम्मेलन (मार्च २ र ३, २०१७) लाई सफल पार्न नियोगहरुलाई परिचालन गरिएको । जस अनुसार नियोगको कार्यक्षेत्र अन्तर्गतका गैर आवासीय नेपाली संघ तथा सवै नेपाली संघ/संस्थाहरुसँग समन्वय गरी नेपाल लगानी सम्मेलन सफल पार्न सहयोग गरिएको ।
- **नेपालका लागि गैर आवासीय विदेशी राजदूतहरुको सम्मेलनः** दिल्लीस्थित नियोगहरुबाट नेपाल हेर्ने नेपालका लागि गैर आवासीय विदेशी राजदूतहरूको सम्मेलन (Non-resident Ambassadors Symposium 2017) २०७४ बैशाख २२ र २३ मा नयाँ दिल्लीमा सम्पन्न गरियो । यस सम्मेलनमा नेपालको विकास कूटनीतिका विविध आयामहरुको बारेमा गैर आवासीय विदेशी राजदूतहरूलाई स्पष्ट पार्ने काम भयो ।
- **BIMSTEC Senior Officials Meeting (SOM):** फेब्रुअरी ७, २०१७ मा BIMSTEC को १७ औं Senior Officials Meeting काठमाण्डौमा सम्पन्न भएको ।

- **द्विपक्षीय सम्बन्ध**

क. भारतका महामहिम राष्ट्रपति श्री प्रणव मुखर्जीद्वारा नेपालको राजकीय भ्रमणः २०७३ कात्तिक १७ देखि १९ सम्म सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको निमन्त्रणामा भारतका महामहिम राष्ट्रपति श्री प्रणव मुखर्जीद्वारा नेपालको राजकीय भ्रमण भएको थियो ।

ख. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट भारतको राजकीय भ्रमणः २०७३ भदौ ३० देखि असोज ०२ सम्म सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारतको राजकीय भ्रमण गर्नुभयो ।

ग. उप प्रधानमन्त्री तथा गृह मन्त्री श्री विमलेन्द्र निधिद्वारा भारतको भ्रमणः २०७३ भदौ २ देखि ६ सम्म माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्री श्री विमलेन्द्र निधिद्वारा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को विशेष प्रतिनिधिको रुपमा भारतको भ्रमण गर्नुभयो ।

घ. माननीय परराष्ट्र मन्त्री डा. प्रकाशशरण महतद्वारा भारतको भ्रमणः २०७३ भदौ २६ देखि २८ सम्म माननीय परराष्ट्र मन्त्री डा. प्रकाशशरण महतले भारतको भ्रमण गर्नुभयो ।

ङ. परराष्ट्रमन्त्री डा. प्रकाशशरण महतद्वारा भारतको नयाँ दिल्लीमा दोश्रो रायसिना डायलगको उद्घाटन सत्रमा सम्बोधनः २०७३ माघ ५ गते माननीय परराष्ट्रमन्त्री डा. प्रकाशशरण महतले भारतको नयाँ दिल्लीमा भारतीय विदेश मन्त्रालय तथा अब्जर्भर रिसर्च फाउन्डेसनद्वारा आयोजित दोश्रो रायसिना डायलगको उद्घाटन सत्रमा सम्बोधन गर्नुभएको थियो ।

च. जापानसँग कूटनीतिक सम्बन्ध स्थापना भएको ६० औ वर्षगाठः नेपालको महत्वपूर्ण विकास साझेदार जापानसँग कूटनीतिक सम्बन्ध स्थापना भएको 60औ वर्षगाठको उपलक्ष्यमा विशेष कार्यक्रम गरी हिरक जयन्ती मनाइयो। कूटनैतिक सम्बन्ध स्थापना भएको दिन (०१ सेप्टेम्बर २०१६) मा सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा विशेष कार्यक्रम आयोजना गरिएको ।

छ. मंगोलियाका परराष्ट्रमन्त्रीको नेपाल भ्रमणः माननीय परराष्ट्र मन्त्रीज्यूको निमन्त्रणामा मंगोलियाका विदेश मन्त्री H.E. Mr. Tsend Munkh-Orgil ले डिसेम्वर 18-20, 2016 सम्म नेपाल भ्रमण गर्नु भएको।

ज. चीनियाँ कम्यूनिष्ट पार्टीका पोलिट व्यूरो सदस्यद्वारा नेपाल भ्रमणः जनवादी गणतन्त्र चीनका H.E. Mr. Liu Qibao, Member of Political Bureau and Secretariat of Communist Party of China (CPC) Central Committee and Chief of the CPC Publicity Department ले 2016 डिसेम्वर 18 देखि 20 सम्म दुई दिने नेपाल भ्रमण गर्नुभएको।

झ. चीनद्वारा पुनःनिमार्णका लागि सहायता उपलव्ध गराउन सम्झौताः जनवादी गणतन्त्र चीन सरकारले नेपालको भूकम्पपश्चातको पुनः निमार्णका लागि उपलब्ध गराउने 3 विलियन युआन मध्ये सन् 2016 का लागि एक विलियन युआन उपलब्ध गराउने सम्झौतामा 23 डिसेम्वर 2016 मा चीनका लागि नेपालका महामहिम राजदूतज्यूले हस्ताक्षर गर्नुभएको ।

ञ. काठमाण्डौ र छेन्दू शहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी सम्झौताः नेपालको काठमांडौ महानगरपालिका र जनवादी चीनको छेन्दू शहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी सम्झौतामा 23 डिसेम्वर 2016 मा काठमांडौमा सम्पन्न भएको ।

ट. नेपाल र चीनबीच Transit Transport Protocol तयार गर्ने सम्बन्धी वैठकः नेपालका पूर्व प्रधानमन्त्री श्री के.पी. ओलीको सन् 2016 को मार्चमा भएको भ्रमणका अवसरमा नेपाल र चीनबीच सम्पन्न पारवहन यातायात सम्झौताको Transit Transport Protocol तयार गर्ने तथा नेपाल र चीनबीच Protocol on Utilization of Highways in Tibet, China by Nepal for Cargo Transport लाई संशोधन गर्न पहिलो चरणको बैठक ल्हासामा २०१६ नोभेम्वर 17-18 सम्म सम्पन्न भएको ।

ठ. चीनका रक्षा मन्त्रीद्वारा नेपाल भ्रमणः माननीय रक्षा मन्त्रीको निमन्त्रणामा गणतन्त्र चीनका रक्षामन्त्री जनरल चाङ्ग वानक्वान (Gen. CHANG Wanquan) को नेतृत्वको एक प्रतिनिधिमण्डलद्वारा मार्च 23-25, 2017 सम्म नेपाल भ्रमण सम्पन्न गरेको ।

ड. सम्माननीय प्रधानमन्त्रीद्वारा मित्रराष्ट्र चीनको भ्रमण र Boao Forum लाई सम्बोधनः सम्माननीय प्रधानमन्त्रीज्यूले Boao Forum लाई सम्बोधन गर्ने गरी चैत्र 10 देखि 16 तदनुसार मार्च 23 देखि 29, 2017 सम्म जनवादी गणतन्त्र चीनको भ्रमण गर्नु भएको ।

ढ. जापानका पूर्व प्रधानमन्त्रीद्वारा नेपालको भ्रमणः जापानका पूर्व प्रधानमन्त्री H.E. Dr. Yukio Hatoyama ले मार्च 18-22,2017 सम्म नेपाल भ्रमण गर्नु भई भ्रमणका अवसरमा सम्माननीय प्रधानमन्त्री, विभिन्न राजनीतिक दलका प्रमुखहरु लगायत Business Community सगँ समेत भेटघाट गर्नु भई नेपालमा लगानी बढाउन पहल गर्ने समेत बताउनु भएको। पूर्व प्रधानमन्त्रीको भ्रमणको समन्वय यस मन्त्रालयले गरेको।

ण. व्यवस्थापिका संसदको विधायन समितिको प्रतिनिधिमण्डलद्वारा भारतको भ्रमणः २०७३ भदौ ०५ देखि १४ सम्म व्यवस्थापिका संसदको विधायन समितिको प्रतिनिधिमण्डलद्वारा भारतको भ्रमण गरिएको थियो |

- **द्विपक्षीय संयन्त्र**

क. नेपाल-भारत संयुक्त आयोगको चौथो बैठक भारतको नयाँ दिल्लीमा सम्पन्नः २०७३ कात्तिक ११ देखि १२ सम्म नेपाल-भारत संयुक्त आयोगको चौथो बैठक भारतको नयाँ दिल्लीमा सम्पन्न भएको थियो

ख. नेपाल भारत द्विपक्षीय अनुगमन संयन्त्रको बैठकः सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारतको राजकीय भ्रमणका क्रममा नेपाल र भारत बीच भएको सहमति अनुरुप परराष्ट्र सचिव तथा नेपालका लागि भारतीय राजदूतको सह-संयोजकत्वमा नेपाल-भारत द्विपक्षीय सहकार्यमा संचालित विकास तथा आर्थिक सहयोग सम्वन्धी आयोजनाहरुको अनुगमन तथा शीघ्र कार्यान्वयनका लागि गठित नेपाल भारत द्विपक्षीय निगरानी संयन्त्रको बैठकहरु २०७३ मङ्सिर १४ र २०७३ माघ १७ गते सम्पन्न भएका छन् । उक्त बैठक प्रत्येक दुई दुई महिनामा हुने गरेको छ ।

ग. नेपाल भारत प्रबुद्ध समुहको बैठकः २०७३ साउन १० देखि ११ सम्म नेपाल भारत प्रबुद्ध समुहको पहिलो बैठक काठमाडौंमा आयोजना भयो । तत्कालिन माननीय उप प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री कमल थापाद्वारा सो बैठकको उद्घाटन भएको थियो । समूहको दोश्रो बैठक नयाँ दिल्लीमा २०७३ असोज १७ देखि १८ सम्म नयाँ दिल्लीमा बसेको थियो ।

घ. नेपाल- गणतन्त्र कोरिया द्विपक्षीय परामर्श संयन्त्रको वैठकः नेपाल—गणतन्त्र कोरियाबीच द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक अक्टोवर 21, 2016 मा नेपालमा सम्पन्न भएको ।

ङ. अन्य द्विपक्षीय परामर्श संयन्त्रको वैठकः आ.व. २०७३/७४ को पहिलो आठ महिनामा नेपाल-भारत बीच स्थापना भएका सुरक्षा, कृषि, सीमा, हवाई सेवा, ऊर्जा, भौतिक पूर्वाधार तथा संस्कृतिसँग सम्बन्धित द्विपक्षीय संयन्त्रहरुको बैठक सम्पन्न भएका छन् । साथै बंगलादेशसँग वाणिज्य सम्बन्धी सहसचिवस्तरीय बैठक समेत सम्पन्न भएको छ ।

- **संयुक्त राष्ट्रसंघ र बहुराष्ट्रिय कूटनीति**

क. संयुक्त राष्ट्र संघको ७१ औं महासभामा नेपालको सहभागिताः संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा सम्पन्न संयुक्त राष्ट्र संघको ७१ औं महासभामा नेपालको प्रतिनिधि मण्डलको नेतृत्व गर्दै माननीय परराष्ट्रमन्त्री श्री प्रकाश शरण महतज्यूले भाग लिनुभएको ।

ख. असंलग्न राष्ट्रहरुको १७ औं शिखर सम्मेलनमा नेपालको सहभागिताः भेनेजुएलामा १३-१८ सेप्टेम्वर २०१६ मा सम्पन्न असंलग्न राष्ट्रहरुको १७ औं शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनले भाग लिनु लिई नेपालले परराष्ट्र नीतिको महत्वपूर्ण पक्षको रुपमा रहेको असंलग्नता, अन्तर्राष्ट्रिय सहयोग, समझदारी र सद्भावका निम्ति पूर्ण प्रतिबद्धता जाहेर गरेको ।

- **राहदानी सेवा सम्वन्धी गतिविधिहरु**

क. राहदानी शुःल्क समायोजनः मलेशिया तथा मध्यपूर्वका मुलुकहरु (कतार, साउदी अरेविया, संयुक्त अरब इमिरेट्, बहराइन, ओमन, लेबनान, इराक, इरान, कुवेत, इजरायल, सिरिया, जोर्डन र यमन) मा रहेका नेपालीहरुको राहदानी नवीकरण गर्दा अमेरिकी डलर ८०/- लिने गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम ती मुलुकहरुमा रहेका नेपालीहरुको राहदानी नवीकरण गर्दा वा राहदानी लिंदा अमेरिकी डलर ५०/- वा सो बराबरको स्थानीय मुद्रा लिने गरी व्यवस्था भई लागू गरिएको ।

ख. RMIS प्रणाली कार्यान्वयः राजस्व आम्दानीलाई व्यवस्थित एवं पारदर्शी बनाउन चालु आर्थिक वर्षको शुरु देखि नै Revenue Management Information System (RMIS) प्रणाली कार्यान्वयनमा ल्याइएको ।

ग. Mobile App Launch राहदानी विभागले प्रदान गर्दै आएको सेवालाई सरल, सहज, चुस्त, दुरुस्त र अनुमान योग्य बनाउन राहदानी जारी प्रक्रियाका बारेमा सूचना मूलक सन्देश प्रवाह गर्न विभागले Mobile App प्रयोगमा ल्याएको छ ।राहदानी विभागमा आयोजित एक कार्यक्रममा परराष्ट्र मन्त्री माननीय डा. प्रकाश शरण महतले जनवरी ०३, २०१७ मा उक्त कार्यक्रमको शुभारम्भ गर्नुभएको ।

घ. Digital Distribution प्रणाली कार्यान्वयनः विभागबाट द्रुत सेवामार्फत् राहदानी लिन चाहने आवेदकहरुले सहज रुपमा राहदानी प्राप्त गर्न सकुन् र वितरण प्रणालीमा कुनै अवरोध नहोस् भन्ने अभिप्रायले राहदानी वितरणका लागि Digital Distribution System लागू गरिएको ।

ङ. Digital Dispatch प्रणाली कार्यान्वयनः जिल्ला प्रशासन कार्यालय/सङ्कलन केन्द्रहरुमा विभागबाट व्यवस्थित रुपमा राहदानी पठाउने अभिप्रायले विभागमा Digital Dispatch प्रणाली लागू गरिएको छ । जिल्ला प्रशासन कार्यालयहरु/सङ्कलन केन्द्रहरुमा विभागबाट राहदानी

पठाएतापनि प्राप्त नभएको भन्ने जस्ता गुनासाहरु प्राप्त हुने गरेकोमा Digital Dispatch प्रणाली लागू गरेपश्चात् त्यस किसिमका गुनासाहरु/ समस्याहरु न्यूनिकरण भएको ।

च. Digital Archiving प्रणाली कार्यान्वयनः विभागबाट राहदानी लिंदा पेश गरेका कागजातहरुलाई सुरक्षित राख्न र आवश्यक परेका बखत सहज रुपमा प्राप्त गर्न सकियोस् भन्ने अभिप्रायले यन्त्रवाचक राहदानी जारी गर्न शुरु गरे देखीका आवेदकले पेश गरेका कागजातहरु Digital Archiving मा व्यवस्थित गर्ने कार्यको थालनी गरिएको ।

- **कन्सुलर सेवा सम्वन्धी गतिविधिहरु**

क. Online Legal Services आरम्भः माननीय परराष्ट्र मन्त्री श्री प्रकाश शरण महतज्यूको समुपस्थितिमा 2073 साल माघ 14 गतेदेखि Online Legal Services को आरम्भ गरिएको छ ।यस सेवाबाट सेवाग्राही, कन्सुलर सेवा विभाग, विदेशस्थित नियोग, परराष्ट्र मन्त्रालय र सम्वन्धित सरोकार पक्षहरुलाई सेवा प्राप्त गर्न र प्रदान गर्नको लागि सहजता हुने अपेक्षा गरिएको ।

ख. द्रुत कागजात प्रमाणिकरणः विगतमा सेवा लिन लामो समय लाग्ने गरेकोमा हाल कागजात प्रमाणिकरण सम्वन्धि सेवाहरुलाई कागजात पेश गरिएको आधा घण्टाभित्रै प्रदान गर्ने गरिएको ।

ग. विदेशी नागरिक सम्वन्धी सेवामा सहजिकरणः विगतमा विदेशी नागरिकहरुलाई प्रदान गरिने भिसा तथा उन्मुक्ति सम्वन्धी सेवाहरु कागजात पेश गरिएको 1 हप्तामा प्रदान गर्ने गरिएकोमा चालु आ.ब. देखि यस किसिमका सेवाहरुलाई कागजात पेश भएको अर्को दिनै सेवा प्रदान गर्न आरम्भ गरिएको ।

घ. Token Queue System शुभारम्भः सेवाग्राहीहरुको भिड र चापलाई ब्यवस्थित, सुचारु एवं प्रभावकारी बनाउनको लागि Token Queue System लाई शुभारम्भ गरिएको ।

ङ. दुई घण्टाको थप सेवा प्रवाहको व्यवस्थाः यस विभागमा सेवाग्राहीहरुको कार्यचापलाई ध्यान दिदैं सेवाग्राहीहरुको सहजताको लागि दैनिक कार्यालय समयका अतिरिक्त थप दुई घण्टाको Service शुभारम्भ गरिएको ।